नीति पत्र (Policy Brief)

अङ्क ९ २०७० साउन

मार्टिन चौतारी
www.martinchautari.org.np

# राजनीतिक जोखिम र पूर्वलडाकुहरू

## परिचय

२१ असार २०७० मा १,३५२ पूर्वमाओवादी लडाकुहरू औपचारिक रूपमा नेपाली सेनामा प्रवेश गरे ।[१] शान्ति प्रकृयाको सबैभन्दा जटिल मुद्दामध्ये सेना समायोजन एक रहँदै आएको परिप्रेक्ष्यमा यो प्रगतिको कोशेढुङ्गा हो । एक नव प्रवेशीले भने, "एउटा कालखण्ड थियो जतिखेर हामी कुनै दलविशेष या समूहका लागि लड्यौँ, तर यतिखेर हामी नयाँ परिचय र उद्देश्यसाथ समग्र राष्ट्रको हितका खातिर समर्पित भएका छौँ ।"[२] एउटा मुलुकमा दुई भिन्नै सेनाको उपस्थितिको परिच्छेद समाप्तिसँगै[३] राष्ट्रको समग्र ध्यान अब ४ मंसिर २०७० का लागि तोकिएको दोस्रो संविधानसभाको निर्वाचनतर्फ र हिंसाबाट शान्तितर्फको बाटोलाई थप मजबुत तुल्याउने दिशामा अगाडि बढेको छ ।

यद्यपि, शान्ति प्रकृयामा भएको प्रगतिको यो तस्वीरले अरू महत्त्वपूर्ण मुद्दाहरूलाई ओझेलमा पार्छ : संक्रमणकालीन न्याय, सुरक्षा क्षेत्र सुधार तथा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सेनाका लडाकुहरूको अवस्थिति, जुन मार्टिन चौतारीको यो नीति पत्रको प्रमुख सरोकारको विषय हो । संक्रमणकालीन न्याय र सुरक्षा क्षेत्र सुधारसम्बन्धी मुद्दाहरू अहिले सार्वजनिक वृत्तबाटै हराइसके । विगतमा भएका मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूको छानवीन गर्नेतर्फ सरकारको कुनै प्रतिबद्धता नभएको अवस्थामा नेपाली सेनामा प्रवेश गर्ने पूर्वलडाकुको पृष्ठभूमिबारे छानवीन (कुनै गम्भीर अपराधमा सामेल भए–नभएको) नहुनु कुनै ठूलो आश्चर्य भएन ।

थप, विश्वव्यापी रूपमा निशस्त्रीकरण, अपरिचालन र पुनःसमायोजन (डिस्आर्मामेन्ट, डिमोबिलाइजेसन, र रिइन्टिग्रेसन अर्थात् डीडीआर) भनेर जे बुझिन्छ त्यसलाई हामीकहाँ वास्तविक हिसाबले विश्लेषण गर्ने कुनै प्रयत्न भएको छैन । परिभाषा र व्यवहार दुवै तवरबाट नेपालमा उक्त प्रकृया विवादास्पद रही आएको छ । विस्तृत शान्ति सम्झौतामा र अन्तरिम संविधान, २०६३ मा "माओवादी सेनाका लडाकुहरूलाई रेखदेख, समायोजन र पुनःस्थापनाका

---

[१] हमाल, चाँदनी । २०७० । सेना भएर फर्किए लडाकु : सिपाहीबाहेकलाई छुट्टिपछि तीनमहिने ब्रिजकोर्स । *नागरिक,* २२ असार, पृ. १, २ ।

[२] Lamichhane, Baburam. 2013. New Entrants Say Dawn of a New Era. *The Himalayan Times*, 6 July, p. 1.

[३] अधिकृत तहको तालिममा सहभागी भैरहेका ७० अरू पूर्वलडाकुको तालिम सकिन थप तीन महिना लाग्ने भएकाले तालिम सकिएपछि उनीहरू नेपाली सेनामा प्रवेश गर्नेछन् । हमाल, चाँदनी । २०७० । सेना भएर फर्किए लडाकु : सिपाहीबाहेकलाई छुट्टिपछि तीनमहिने ब्रिजकोर्स । *नागरिक,* २२ असार, पृ. १, २ ।

निम्ति...मन्त्रीपरिषद्ले विशेष समिति बनाउने" उल्लेख छ ।[४] समयक्रममा दलहरूले आफ्ना अडान र जोडमा परिवर्तन ल्याए जसले समग्र विस्तृत शान्ति सम्झौता–जुन प्रतिबद्धताहरूको पोको र मुख्यरूपमा स्वार्थहरूको अस्थायी मिलन देखिन्छ–का कमजोरी उजागर गऱ्यो । निशस्त्रीकरण, अपरिचालन, सेनामा समायोजन तथा पुनःस्थापनाका समयतालिका र विधि मूलरूपमा विवादास्पद रहे । फलस्वरूप निशस्त्रीकरण र अपरिचालन धेरै हदसम्म सफल भए पनि पूर्वलडाकुलाई समाजमा पुनःस्थापनाको कुनै योजना यहाँ भएको पाइन्न, न कमजोरी र असफलतालाई फर्केर हेर्ने, विश्लेषण गर्ने कुनै प्रयत्नै भएको छ ।

मार्टिन चौतारीको यो नीति पत्रले समयावधि, समयतालिका र युद्धोपरान्तको अन्तर्वर्ती कालका अवयवहरूलाई केन्द्रमा राखी पूर्व माओवादी लडाकुलाई समग्रमा हेर्न खोजेको छ । सशस्त्र समूहलाई विघटन गर्ने कार्य संक्रमणकालीन प्रकृयाको महत्त्वपूर्ण हिस्सा हो, जसमा लडाकुहरूको समाजमा या नागरी जीवनमा फर्कने बाटो सहज तुल्याई उनीहरू पुनः हिंसामा फर्कने सम्भावनालाई न्यून गर्नेतर्फ ध्यान दिइन्छ । यो कार्य हतियार सङ्कलन गर्नु र लडाकुलाई (पैसाको ठूलै बिटो दिएर भए पनि) उनीहरूको आफ्नै समुदायमा फिर्ता पठाउनुभन्दा जटिल छ । राजनीतिक सहमतिको अभाव, लामो राजनीतिक गतिरोध र फलतः लामो अवधिसम्म शिविरमा लडाकुको बसाई र अन्ततः जुनप्रकारले लडाकुहरू बहिर्गमित गरिए त्यसले नेपालको शान्ति प्रकृया थप कठिन तुल्यायो । डीडीआरका कार्यक्रम जसरी योजना गरियो र कार्यान्वयनमा ल्याइयो यसले–अन्य मुलुकहरूको अनुभवले देखाए झैं–पूर्वलडाकुको पुनःसमायोजन र शान्ति निर्माण प्रकृयामा दूरगामी प्रभाव पार्ने देखिन्छ ।[५]

यो नीति पत्र मूलतः चौतारीले गरेका १२९ अर्ध-संरचित अन्तर्वार्तामा आधारित छ, जसमध्ये ११४ पूर्वलडाकुसँग र १५ राजनीतिज्ञ, सरकारी कर्मचारी र नागरिक समाजका व्यक्तिसँग गरिएको थियो । २० मंसिर २०६९ देखि ७ चैत २०६९ सम्म १३ जिल्लामा अन्तर्वार्ता गरिएको थियो ।[६] यी जिल्लाको चयन भौगोलिक हिसाबले र पूर्वलडाकुको बसोबासबारे छापिएका समाचार, रिपोर्टका आधारमा गरिएको थियो ।

[४] यूएनडीपी । २०६५ । *नेपालको अन्तरिम संविधान, २०६३* (पहिलोदेखि छैठौं संशोधन सहित) । पृ. २३३ । काठमाडौं : यूएनडीपी ।

[५] UNIDR. 1999. *The Management of Arms in Conflict Resolution Process.* Geneva: United Nations Institute for Disarmament Research (UNIDR).

[६] अन्तर्वार्ता गरिएका जिल्लाहरू निम्न थिए : कैलाली, सुर्खेत, बाँके, दाङ, चितवन, नवलपरासी, ताप्लेजुङ, झापा, सुनसरी, मोरङ, बारा, पर्सा, र काठमाडौं ।

## समायोजनको समयतालिका

शान्ति प्रकृयाको प्रारम्भिक चरणमा तत्कालीन सात प्रमुख दल र नेकपा माओवादीबीच ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता र लगत्तै हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता (२०६३) भएको थियो । तत्पश्चात् देशका विभिन्न स्थानमा स्थापना गरिएका सात प्रमुख शिविर र अन्य २१ उपशिविरमा माओवादी लडाकुहरू केन्द्रित गरिएका थिए । शिविरमा राखिएका कन्टेनरमा सबै हतियार राखिएको थियो जसको साँचो माओवादी जनसेना (पीएलए) को हातमा थियो भने कन्टेरनर चाहिँ संयुक्त राष्ट्रसङ्घको २४ घण्टे निगरानीमा राखिएको थियो ।

शिविरमा राखिएका लडाकुको अभिलेख राख्ने र तिनलाई प्रमाणीकरण गर्ने काममा नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) संलग्न थियो । पुस २०६४ मा प्रमाणीकरणको काम सकिएको थियो ।[७] उक्त प्रकृयाबाट १९,६०२ जना नियमित लडाकु रहेको तथा ४,००८ जना उमेर नपुगेका (१८ वर्षभन्दा कम उमेरका या बालसैन्य) अथवा शान्ति प्रकृयापश्चात् मात्र भर्ती गरिएका मानियो, जो नेपाली सेनामा भविष्यमा हुने समायोजनका लागि अनुपयुक्त ठहरिए ।[८] पछिल्ला प्रवर्गकालाई तत्कालै शिविरबाट निकालिने भनिए तापनि सहमति नबनेर, दलभित्रै र दलहरूबीच आपसको शक्तिसङ्घर्ष (मतैक्य हुन नसकेर) एवं राजनीतिक शङ्का र अविश्वासका कारण पुस-माघ २०६६ मा मात्र बहिर्गमन सम्भव हुन सक्यो । त्यस बखत जम्मा २,३९४ जना (६० प्रतिशत) मात्र कम उमेर र शान्ति प्रकृया शुरू भैसकेपछि भर्ती भएका भनिएका लडाकु उपस्थित थिए । यस्तो ढिलाईले माओवादीका प्रतिद्वन्द्वीहरूले ऊमाथि 'प्रतिबद्धता पूरा नगर्ने र विश्वास गर्न नसकिने' भनी लगाएका आरोपलाई बल प्रदान गर्थ्यो । र, यसले राजनीतिक अविश्वासको वातावरणलाई मलजल गर्न सघायो जबकि कम उमेर र पछि भर्ती भएकालाई शिविरबाट तत्कालै बाहिर निकालिएको भए त्यसले शान्ति प्रकृयालाई गति प्रदान गर्न सघाउँथ्यो ।

पुस २०६७ मा अनमिन नेपालबाट बाहिरियो । तत्पश्चात् पूर्व माओवादी लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापन गर्न कात्तिक २०६५ मा गठित विशेष समितिलाई सचिवालयको रूप दिई

[७] अनमिनको ७ पुस २०६४ को प्रेस वक्तव्य : http://un.org.np/unmin-archive/downloads/pressreleases/2007-12-22-UNMIN.Press.Statement.End.of.Second.Phase.Verification.ENG.pdf; accessed 9 July 2013.

[८] हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौताले १२ जेठ २०४५ अघि जन्मेका र ११ जेठ २०६३ अघि माओवादी सेनामा भर्ती भएकालाई मात्र सम्भावित समायोजनका लागि योग्य मानेको थियो । सम्भावित समायोजनका लागि अनुपयुक्त प्रमाणित ४,००८ मध्ये २,९७३ जना १८ वर्ष उमेर नपुगेका (बालसैन्य) र १,०३५ जना पछि भर्ती गरिएका भनी अनमिनले प्रमाणित गरेको थियो ।

जनसेनाको हतियारको पनि जिम्मा लगाइयो । तर सत्ता साझेदारीका सहमतिहरूमा भएका विवादले गर्दा १५ कात्तिक २०६८ मा मात्र सेना समायोजनसम्बन्धी सहमति बन्न सक्यो । पूर्व जनसेनाका लडाकुलाई तीन रोजाई दिइयो : सेनामा समायोजित हुने, स्वेच्छिक अवकाश लिने र पुनःस्थापनामा जाने । बढीमा ६,५०० लडाकु समायोजन गर्ने र नेपाली सेनाको मापदण्डमा केही छुट–जस्तो उमेरमा (३ वर्ष), शिक्षामा (एक तह) र वैवाहिक स्थितिमा–दिने निर्णय गरियो । पूर्वलडाकुले पाउने उच्च पद मेजर प्रस्तावित गरियो र सो माथिको पदका लागि विशेष समितिले निर्णय गर्ने तय भयो । स्वेच्छिक अवकाश रोज्नेलाई उनीहरूको जनसेनामा रहँदाको पद हेरी दुई किस्तामा गरी ने. रु ५ देखि ८ लाखसम्म नगद दिने तथा समायोजन रोज्नेलाई व्यवस्थापन गर्न नेपाली सेनामा नयाँ महानिर्देशनालय खोल्ने पनि निर्णय गरियो ।[९]

यसपछि पहिलो चरणको पुनर्वर्गीकरण शुरू भयो, जसमा अनमिनले प्रमाणित गरेका १९,६०२ लडाकुमध्ये जम्मा १७,०७६ मात्र उपस्थित भए । तीमध्ये ९,७०५ लडाकुले समायोजनतर्फ नाम लेखाए भने ७,३६५ ले स्वेच्छिक अवकाशतर्फ । जम्मा छ जनाले मात्र पुनःस्थापना कार्यक्रममा रुचि देखाए, जसले लडाकुका निर्णयमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नियन्त्रण रहेको पुष्टि गर्थ्यो । यद्यपि, २८ चैत २०६८ मा शिविरहरू नेपाली सेनालाई हस्तान्तरण गरेपछि भने समायोजनमा जान चाहनेको संख्या ह्वात्तै घट्यो ।[१०] एमाओवादी नेतृत्वले अन्त्यतिर आएर आफ्ना जनसेनाका शिविरको नियन्त्रण नेपाली सेनालाई हस्तान्तरण गर्न जुन हतार गर्‍यो त्यसका पछाडि शिविरमा भएको खर्चको अपारदर्शिता (भ्रष्टाचार) बारे लडाकुहरू स्वयंले लगाएका आरोप तथा एमाओवादीभित्र देखिएको मतभिन्नताका कारण हुनलागेको सिपाही-विद्रोह कारक थियो । शिविर हस्तान्तरणको तौरतरिका (हतार), कमजोर मनोबल, लडाकुले पाउने पद र उनीहरूको शैक्षिक योग्यताबारेको विवाद, र माओवादी नेतृत्वप्रति गुमेको विश्वासका कारण सेनामा समायोजित हुन चाहनेको संख्यामा ठूलो कमी आयो र अन्तमा जम्मा १,४२२ लडाकु नेपाली सेनामा समायोजित हुने भए ।[११] पूर्वलडाकुको अव्यवस्थित विसर्जनको पृष्ठभूमिमा एनेकपा माओवादीको नेतृत्वपंक्तिले पाँच वर्षभित्रै तीव्र गतिमा गुमाएको नैतिक प्राधिकार र नियन्त्रण थियो ।

प्रारम्भमा छ महिनाभित्र सेना समायोजनको कार्य सक्ने भनिए पनि पूर्वलडाकुको नेतृत्व नेपाली सेनामा हस्तान्तरण हुनै पाँच वर्ष लाग्यो । माओवादी लडाकुको रेखदेख, समायोजन र पुनःस्थापन गर्न कात्तिक २०६५ मा गठित विशेष समिति ३० चैत २०६९ मा विघटित भयो ।[१२] शान्ति प्रकृयालाई फर्केर हेर्दा, द्वन्द्व समाप्त गर्ने कार्यलाई अगाडि बढाउने साधनका रूपमा सत्ता साझेदारीका लागि गठन गरिएको 'राष्ट्रिय एकता' सरकारलाई एक हदसम्म सफल भन्न सकिन्छ किनभने शान्ति सम्झौताका हस्ताक्षरकर्ता दुवै पक्षबीच लडाइँ-झगडा पुनः शुरू भएन । तर, विस्तृत शान्ति सम्झौतामा अस्पष्टता रहनु, ती अस्पष्टतालाई हटाउन गरिनुपर्ने छलफल गर्न नसक्नु, र मुख्य रूपमा माओवादी जनसेना विघटन गर्नमै ध्यान केन्द्रित हुनुले दुई समूहबीचको धाँजालाई बाहिर ल्याइदिएको थियो । राजनीतिक अविश्वासको वातावरणका कारण सरकारको नेतृत्व कसले गर्ने भन्ने सत्ता–सङ्घर्ष चर्कियो र फलतः राजनीतिक गतिरोध बढ्यो । अनि, अवाञ्छित र असहयोगी अडानहरू व्यक्त गरिए । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) जस्ता गैरमाओवादी दलले माओवादीलाई सरकार सुम्पनुअघि जनसेना विघटन गर्नुपर्ने शर्त राखे । माओवादीहरूले सधैँभर डीडीआर पदावलीको विरोध गरे : उनीहरूको विचारमा यो प्रकृया र पदावली पराजित सेना–जसलाई विघटित गरिनु जरूरी हुन्छ–का हकमा मात्र उपयुक्त हो ।[१३] पुनःसमायोजनको कुरा बृहत् सुरक्षा क्षेत्र सुधारको अभिन्न अङ्ग हुनु जरूरी छ भन्ने उनीहरूको तर्क रह्यो । सुरक्षा निकायमा पूर्वलडाकुलाई कसरी समायोजित गर्ने भन्नेबारे प्रस्टताको अभावमा आफूअन्तर्गतको फौजलाई विघटन गर्नु कच्चा काम हुने माओवादी ठम्याई रह्यो । सेना समायोजनको कार्य संविधान लेखन प्रकृयासँग पनि गाँसिएको छ भन्दै शिविर र पूर्वलडाकुलाई 'नयाँ नेपाल' को पुनःसंरचनामा प्रभावित गर्नमा प्रयोग गरियो ।

यिनै बृहत् राजनीतिक जोडघटाउ, वार्ताहरू, लेनदेन, र सहमतिहरूमा पूर्वलडाकु एवं शिविरहरू या त फाइदाका औजार या शान्ति प्रकृयाका मूल अवरोधकको रूपमा चित्रित गरिए । सबैजना दलीय स्वार्थमै केन्द्रित थिए र कसैले पनि सैन्य–

---

[९] Simkhada, Shambhu Ram. 2013. Home Making. *República*, 21 April, p. 9.

[१०] अधिकारी, चेतन, राजकुमार कार्की, विनोद त्रिपाठी, बेचु गौड, काशीराम डाँगी, मोतीलाल पौडेल र गणेश चौधरी । २०६९ । अवकाश रोज्ने ह्वात्तै बढे । *कान्तिपुर*, ४ वैशाख, पृ. १, १८ ।

[११] ३० फागुन २०६९ मा गरिएको एक सहमतिअनुसार पूर्वलडाकुले पाउने उच्च पदमा एक कर्णेल, दुई जना लेफ्टिनेन्ट कर्णेल, १३ मेजर, ३० क्याप्टेन र २४ लेफ्टिनेन्ट छन् । नयाँ स्थापना गरिने राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालयलाई मेजर जनरल (उपरथी) ले नेतृत्व गर्ने र नव प्रवेशीहरू विभिन्न पदमा रहनेछन् । कान्तिपुर । २०७० । १३५२ ले पूरा गरे तालिम । २२ असार, पृ. १ ।

[१२] अधिकारी, चेतन, राजकुमार कार्की, विनोद त्रिपाठी, बेचु गौड, काशीराम डाँगी, मोतीलाल पौडेल र गणेश चौधरी । २०६९ । अवकाश रोज्ने ह्वात्तै बढे । *कान्तिपुर*, ४ वैशाख, पृ. १, १८ ।

[१३] Gautam, Kulchandra. 2009. The Rehabilitation and Integration of Maoist Combatants as Part of Nepal's Security Sector Reform. In *Changing Security Dynamics in Nepal*. Rajan Bhattarai and Rosy Cave, eds., pp. 95-111. London: Saferworld.

तालिमयुक्त युवाको ठूलो समूहलाई मुलुकको दूरगामी शान्ति र स्थायित्वमा प्रभाव पार्ने राष्ट्रिय मुद्दाको रूपमा हेरेनन् । पूर्वलडाकुको हित केमा छ भन्ने कुराले विस्तृत शान्ति सम्झौताका हस्ताक्षरकर्ता दुवै समूहमा केही महत्ता पाएन । त्यसैले, शिविरबाट बहिर्गमित भएपछि उनीहरू मुलुकको राजनीतिक र विकासको परिदृश्यमा परेनन्, जुन कुनै आश्चर्यको कुरा थिएन ।

## निशस्त्रीकरण र अपरिचालन

नेपालमा प्रयोगमा ल्याइएको डीडीआर कार्यक्रम (निशस्त्रीकरण, अपरिचालन र पुनःसमायोजन) विधि मूलतः निशस्त्रीकरण र अपरिचालन (डीडी) थियो । विश्वव्यापी रूपमा पुनःसमायोजनलाई जसरी बुझिन्छ त्यसलाई यहाँ सानो तहमा मात्र व्यवहारमा ल्याइयो–कम उमेर र पछि भर्ती भएका लडाकुका हकमा र पुनःसमायोजन रोज्ने छ जनाको हकमा ।[१४] बाहिरी पक्षहरूसँगको अविश्वासका कारण माओवादीले कम उमेर र पछि भर्ती भएका लडाकुसम्म सरकार र संयुक्त राष्ट्रसङ्घका कर्मचारीको पहुँच हुनै दिएन । जसले गर्दा पुनःस्थापना कार्यक्रमको शुरूआती (व्यक्तिगत सर्वेक्षण गर्ने) चरण[१५] मा लडाकुका चाहना, आकांक्षा के हुन् भन्ने कुरा जान्न सकिएन । यसबाहेक, कम उमेर र पछि भर्ती भएका लडाकुहरू अन्ततः मिसिने श्रम बजारको के-कस्तो स्थिति छ भन्ने कुनै आधारभूत अध्ययन हुन सकेन । कम उमेर र पछि भर्ती भएका लडाकुसँगको पहुँचमा पुऱ्याइएको अवरोध र आधारभूत तथ्याङ्कको अभावले उनीहरूका इच्छा, आकांक्षा र क्षमता तथा श्रम बजारको आवश्यकतालाई लक्षित गरी तालिम र अन्य सहयोगको स्वरूप तय गर्ने आफ्नो क्षमतालाई खुम्च्याइदिएको दावी युनाइटेड नेसन इन्टरएजेन्सी रिह्याबिलिटेसन प्रोग्रामले गरेको थियो ।[१६]

यी सबै त छँदै थियो, तिनलाई अझ जटील तुल्याएको थियो कम उमेर र पछि भर्ती भएका लडाकुलाई "अयोग्य" को बिल्ला भिराइदिने कृत्यले । यो सामान्य प्रचलित विधि-व्यवहारसँग नसुहाउने काम थियो–यो स्थानीय रोजाई, पुनःस्थापनामा जानेहरूको प्रतिष्ठा र स्वपहिचानको विरूद्ध थियो ।[१७] "अयोग्य" पदावली परिवर्तन गर्ने प्रयत्न भए पनि बहुधा सोही पदावली प्रयोग गरिन्छ जसको प्रयोगप्रति विशेषगरी बहिर्गमित लडाकुको तीव्र असहमति छ र उनीहरूले विरोध जनाउँदै आएका छन् । अन्तर्वार्ताहरूले के कुरा उजागर गरेका छन् भने समाजमा पुनःसमायोजनको चुनौती सबै पूर्वलडाकुलाई छँदैछ, त्यसमा पनि अयोग्यको बिल्ला लागेकालाई यो थप चुनौतीपूर्ण छ, जसबारे पछि थप चर्चा गरिन्छ ।

यहाँनेर मुख्य ध्यान दिनुपर्ने कुरा के छ भने स्वेच्छिक अवकाश र नगद रकमको पुलिन्दा[१८] रोजेका बहुसंख्यक पूर्वलडाकुलाई अनुगमन (फलोअप) गरिएको छैन, थप सहयोग त परै जाओस् । यस्तोमा उत्तम विधि-व्यवहार (बेस्ट प्राक्टिसेज) बारेका अन्तर्राष्ट्रिय अनुभवले के बताउँछन् भने फौजी जीवनबाट गैरफौजी या नागरी जीवनमा रूपान्तरित हुँदा पूर्वलडाकुहरूलाई लक्षित र दीर्घकालीन सहयोग आवश्यक पर्छ, जुन नेपालमा भएको छैन । तलको खण्डले प्रस्ट्याए झैं पूर्वलडाकुहरूले जिइरहेको जीवनको वास्तविकता तथा वर्तमान र भविष्यमा उनीहरूले रोज्ने बाटाहरूबारे ध्यान केन्द्रित गर्नु महत्त्वपूर्ण छ ।

## समायोजनका वास्तविकताहरू

आफूले पाएको आर्थिक पुलिन्दामार्फत विगतसँग नाता तोडेर नयाँ शिराबाट जीवन शुरू गर्न पूर्वलडाकु प्रतिबद्ध रहेको उनीहरूबारेका शुरूआती समाचारमा जनाइएका थिए ।[१९] त्यतिखेर, सम्पत्ति जोड्ने, घर र परिवार निर्माण गर्ने र जीविकोपार्जनको उपाय सुरक्षित गर्ने कुरा नै स्वेच्छिक अवकाश लिएकाहरूको प्राथमिकतामा परेका

[१४] पुनःस्थापनको कार्यक्रम सरकारले तयार गर्ने र पश्चिमा दाताले लगानी गर्ने भनिएको थियो । शान्ति तथा पुनर्निमाण मन्त्रालयअन्तर्गत सञ्चालित बहिर्गमन र पुनःसमायोजन कार्यक्रममा यूएनडीपी, अनमिन, यूएनएफपीए, युनिसेफ र डिएफआइडी सहयोगी थिए । हेर्नुहोस्, Discharge and Reintegration Assistance to Maoist Army - DRAMA, Final Programme Narrative Report. 1 January 2009–31 May 2010. Available at http://mptf.undp.org/factsheet/project/00071690; accessed 13 July 2013.

[१५] पुनःस्थापना कार्यका लागि छ चरण तय गरिएको थियो : जानकारी सङ्कलन र सरसल्लाह; लडाकुहरूको व्यक्तिगत सर्वेक्षण; शिविरबाट बहिर्गमन; अन्तर्वर्ती केन्द्रहरूमा अभिमुखीकरण र सरसल्लाह; प्राविधिक शिक्षा र व्यवसायिक तालिमको सहयोगका साथ पुनःस्थापन; तालिमोत्तर सहयोग र अनुगमन । हेर्नुहोस्, Subedi, D.B. 2011. Rehabilitation and Reintegration of the Maoist Ex-Combatants in Nepal: Issues, Challenges and Potential Lessons. *Contributions to Nepalese Studies* 38(2): 158.

[१६] General Lessons Learned in the Planning and Implementation of Rehabilitation of Ex-combatants in Nepal. Available at http://peacebuilderscenter.jp/parts/20130124-0306/Desmond_Molloy/0213_text1_Desmond_Molloy_Session3A_General_Lessons_Learned_UNIRP.pdf; accessed 11 July 2013.

[१७] Dudouet, Veronique, Hans J. Giessmann and Katrin Planta. 2012. From Combatants to Peacebuilders: A Case for Inclusive, Participatory and Holistic Security Transitions. Policy Report. Berlin: Berghof Foundation; p. 23. Available at http://www.berghof-conflictresearch.org/documents/publications/Policy_Paper_dudouetetal.pdf; accessed 11 July 2013.

[१८] पूर्वलडाकुलाई दिइने नगद सहयोग गर्न दाताहरू तयार भएनन् किनभने, यस्तो प्रयास (सहायता) अन्तर्राष्ट्रिय उत्तम विधिहरूभन्दा बाहिर पर्ने थियो र अनैतिक हुने थियो । Annual Review: Nepal Peace Support Programme. February 2013; p. 3. Available at https://www.gov.uk/government/uploads/system/uploads/attachment_data/file/213901/Annual-Review-Peace-Support-Prog-nepal.pdf; accessed 12 July 2013.

[१९] उदाहरणका लागि हेर्नुहोस्, केसी, दुर्गालाल । २०६८ । चेक बुझेका लडाकुहरू भन्छन् : मिलेर भत्केको जीवन बनाउँछौं । *कान्तिपुर,* २९ माघ, पृ. ५ । र, The Himalayan Times. 2012. Ex-Combatants Start New Life. 20 October, p. 6.

थिए । आफ्नो युवावय लडाइँमा बिताएका, र समग्र जीवन बलिदान गरेकाहरूको अहिले विवाह, परिवार र जीविकोपार्जन प्रमुख ध्येय रहेको छ ।

शुरूआत तिरका समाचारमा जनाइए झैँ स्वेच्छिक अवकाश लिएकासँग गरिएका अन्तर्वार्ताले उनीहरूमा दल र नेतृत्वपंक्तिप्रति आक्रोश भएको देखाउँछ ।[२०] एक पूर्वलडाकुको शब्दमा भन्ने हो भने "प्रचण्ड र बाबुरामको नामै सुन्न नचाहनेको जमात पनि छ ।" यस्तो आक्रोश उत्पन्न हुनुका केही निश्चित कारण छन् । पहिलो, सेनामा जुन तवरबाट समायोजनको काम गरियो, त्यो । आफ्नो स्थान बलियो बनाउनका लागि एमाओवादी पार्टीले समायोजन रोज्न प्रोत्साहित गरे पनि अन्तर्वार्ता गरिएका धेरै पूर्वलडाकुको भनाइ थियो कि उनीहरूको पहिलो रोजाइ पनि नेपाली सेनामा समायोजित हुने नै थियो । अन्य आश्वासनका अतिरिक्त नेतृत्वपंक्तिले उनीहरूलाई समायोजन सम्मानजनक हुने, जनसेनाको पदअनुसार नै समूहगत समायोजन हुने, शिविरमा हासिल गरेको शैक्षिक योग्यतालाई मान्यता दिइने, र समायोजनको काम राष्ट्रिय सुरक्षा नीति बनिसकेपछि मात्र तय गरिने र त्यही नीतिले नै राष्ट्रिय सेनाको आवश्यक संख्या पनि तोक्ने, आदि भनेका थिए ।

यस्ता आश्वासन र प्रतिबद्धता बाँडिएको परिप्रेक्ष्यमा मंसिर २०६८ मा सहमति गरिएको समायोजनको ढाँचालाई धेरै पूर्वलडाकुले लज्जापूर्ण आत्मसमर्पणको रूपमा ग्रहण गरे । एक पूर्वलडाकुले भने, "सातबुँदे सहमतिपश्चात् सेना समायोजनको कुरा मैले आत्मसमर्पणको रूपमा, धोकाको रूपमा बुझेँ । त्यसैले स्वेच्छिक अवकाश रोजेँ ।" लडाकुहरूको बुझाईमा शान्तिको नाममा जनसेनालाई आत्मसमर्पण गर्न बाध्य बनाइएको मात्र होइन कि २०६३ सालको परिकल्पनाअनुसार दुई सेनालाई एकीकृत गरेर समायोजन गरिने नभई पूर्वलडाकु नयाँ भर्ती प्रकृयामार्फत जानुपर्ने भयो । लडाकुको 'छाती नाप्ने' विषय सबैभन्दा खिल्ली उडाइएको विषय थियो । अर्का पूर्वलडाकुले भने, "हामी समायोजनमा जाने हो भने जुन पदमा थियौँ त्यही पदमा जाने भन्ने थियो । तर, हाम्रो हतियार बुझाउने र नयाँ भर्ती गर्ने काम भयो । पूरै छाती नाप्ने, आदि काम भयो ।" आठ-नौ वर्ष युद्धमा होमिएका, १४-१५ लडाइँमा सामेल भैसकेकालाई एक वर्षको सेनाको तालिम चाहिने कुरा उनीहरूलाई पाच्य थिएन । तसर्थ, एमाओवादी नेतृत्व मुख्यतः पुष्पकमल दाहाल 'प्रचण्ड' र बाबुराम भट्टराईलाई उनीहरूले धोकेबाजको रूपमा चित्रित गरेका थिए : जनसेनालाई समाप्त पारेको, लडाकुको भविष्य ध्वस्त पारेको, शहीद र साथीहरूको रगत, बलिदानलाई बिर्सिएको, जस्ता आरोप लगाइएका थिए ।

आफूहरूको मूल्यलाई रूपियाँमा मात्रै तौलेकोमा लडाकुहरू दलहरूप्रति दुःखी र क्रोधित थिए । 'खेर गएका वर्ष' भन्ने भावना उनीहरूमा देखिन्थ्यो । बाहिर रहेका आफ्ना साथीभाइले गरेका आर्थिक प्रगतिको प्रसङ्ग उनीहरूले घरिघरि उल्लेख गरेका थिए । लडाकुहरूले '१० वर्ष' लाई थोरै लाभ र धेरै हानिको रूपमा ग्रहण गरेको पाइयो ।

फलतः विगतका समाचारले उल्लेख गरेझैँ[२१] पूर्वलडाकुले एनेकपा (माओवादी) सँग थोरैमात्र सम्बन्ध बाँकी रहेको र राजनीतिमा कमै चासो बाँकी रहेको बताए । परिवारलाई छाडेर पुनः त्यस्तै दुःखको भारी बोक्दै लडाइँमा जाने सम्भावना निकै कम रहेको बताइयो । एनेकपा (माओवादी) सँग अझै काम गरिरहेका केहीले पनि संलग्नता पूर्णकालीन नरहेको बताए । पार्टीको नयाँ कार्यक्रम, योजना र गतिविधिप्रति आशङ्कित धेरैले आफ्नो ध्यान परिवारमा र जीविकोपार्जनका उपाय खोज्नमा केन्द्रित रहेको बताए ।

जीविकोपार्जन र आर्थिक कुरा गर्दा, शुरूआती समाचारले जुन आशावादिता सम्प्रेषण गरेका थिए[२२] सोको विपरीत चौतारीले गरेका अन्तर्वार्ताले पूर्वलडाकुमा व्यापक निराशा र बढ्दो छटपटी देखाएको छ । उल्लेख्य कुरा के छ भने बहुसंख्याले आफ्नो जीवन शुन्यबाट शुरू गर्नु परेको थियो । उनीहरूको मुख्य सरोकार भनेको हातमुख जोर्नु, बालबच्चालाई शिक्षादीक्षा दिलाउनु र ओखतीमुलोको खर्च जोहो गर्नु देखिन्थ्यो । स्वेच्छिक अवकाशबापत पाएको रकम उनीहरूको बलिदानको तुलनामा न्यून रहेको र अहिलेको महङ्गीको जमानामा अपुग भएको उनीहरूको कथन थियो । माथि भनिए झैँ, धेरैले जमीनमा लगानी गरेका र घर बनाएका या बनाउने योजना गरिरहेका थिए । पाएको ठूलो हिस्सा यसरी लगानी भैसकेपछि निकै थोरै मात्र बाँकी बचेको बताइयो ।

धेरैले व्यवसायमा लगानी गरेका छन्, मुलतः पसल र होटलमा । सानो समूहले साना उद्योगमा पनि लगानी गरेको छ भने केहीले सामूहिक कृषि जस्तै : तरकारी, माछा, च्याउ, गाई पालन, आदिमा लगानी गरेका छन् । तर, धेरैले पटकपटक बताएको कुरा के भने उनीहरू व्यवसायमा अनुभवहीन छन् र हातमुख जोड्न धौधौ परिरहेको छ । केही असफल लगानीका कथा पनि

[२०] गडतौला, गोपाल । २०६९ । 'गरिखान देऊ' । *हिमाल*, २५ चैत, पृ. २२ ।

[२१] उदाहरणका लागि हेर्नुहोस्, केसी, दुर्गालाल । २०६९ । नाता तोड्दै पूर्वलडाकु । *नेपाल*, ३० भदौ, पृ. १३ ।

[२२] उदाहरणका लागि हेर्नुहोस्, Pandey, Lekhanath. 2012. Ex-PLAs Turning Over a New Leaf. *The Himalayan Times*, 26 December, p. 6. र, नेपाल, बालकुमार । २०६९ । बन्दुक बिर्सँदै । *अन्नपूर्ण पोष्ट*, १४ साउन, पृ. ४-५ ।

छन् । केहीले आफू युद्धमा लाग्दा परिवारजनले लिएको रकमको ऋण तिर्नमा पैसा खर्च भएको बताए । केही भने अझै भविष्यका सपना बुन्दैछन् : आफ्ना कतिपय पूर्वसहकर्मी जस्तै भारत या मध्यपूर्वमा कमाई गर्न जाने लगायत । सानो संख्याले कृषिकर्ममा फर्कने बतायो ।

बढ्दो आर्थिक भार र उत्तरदायित्वले गर्दा उनीहरूमा निराशा देखिन्थ्यो । एक पूर्वलडाकुले भने, "हामी सबैतिरबाट चेपियौँ अहिले ।" दाहालको नेतृत्वको माओवादी पार्टीले उनीहरूलाई मझधारमा छाडेको लडाकुहरूको ठम्याई छ–"हाम्रा लागि पार्टीले केही कार्यक्रम बनाएको छैन"–र राज्यले उनीहरूलाई बेवास्ता गरेको अनुभूति छ । धेरैले भनेका थिए कि एकमुष्ट रकमको साटो रोजगारीको सुनिश्चितता र रोजगारीसँग गाँसिएका तालिम पाएको भए उत्तम हुने थियो ।[२३] गैरसरकारी संस्था र तिनले दिँदै आएको सहयोग पनि बन्द भएको उनीहरूको गुनासो छ : "हिजो हामी शिविरभित्र हुन्जेल सङ्घसंस्थाहरू पनि छलफल गर्न आउँथे, कार्यक्रम ल्याउँथे, दिन्थे । अहिले त्यो पनि छैन ।"

आर्थिक व्यवसायमा लगाएको आफ्नो लगानीतर्फ लडाकुहरू 'पर्ख र हेर' को स्थितिमा छन् । तर, ती लगानीको सफलताको आशा भने कमै देखिन्छ, र यसले वैकल्पिक उपायको अभाव छ भन्ने देखाउँछ । एक पूर्वलडाकुको कथन थियो, "हामीले पाएको पैसा सकिएमा समस्या आउन सक्छ ।" धेरै पूर्वलडाकुले भनेजस्तै, उनीहरूमा अन्य सीप नभएको र जीविकोपार्जनका अरू उपाय पनि नभएको अवस्थामा विचारले होइन कि आवश्यकताले लडाकुहरूलाई हिंसातर्फ डोऱ्याउने सम्भावना छ । वास्तवमै, कतिपय लडाकु मोहन वैद्यले नेतृत्व गरेको नेकपा-माओवादी[२४] तर्फ आकर्षित भएको पनि पाइयो–क्रान्तिका खातिर भन्दा पनि जीविकोपार्जनको सुनिश्चितताको कारण ।[२५]

सामाजिक रूपमा, पूर्वलडाकुका चुनौती गम्भीर देखिए । धेरै पूर्वलडाकुले जमीन किनेका छन् र पुराना शिविरका छेउछाउ घर बनाएका छन्, जुन प्रायः तराई/मधेसमा छन् । महिला लडाकु या लडाकुका श्रीमती गर्भवती बनेपछि थप स्याहारका लागि, बच्चा हुर्काउनका लागि र शिक्षादीक्षाका लागि कतिपयले शिविर नजिकका क्षेत्रमा घर बनाएका थिए । सहजताका अतिरिक्त तराईमा थप आर्थिक अवसर उपलब्ध छन्, साथै तुलनात्मक रूपमा शिक्षामा र स्वास्थ्य सुविधामा राम्रो पहुँच । जेभए तापनि, गतिलो आर्थिक भविष्यको अभावमा अन्तर्वार्ता गरिएका पूर्वलडाकु शहरी गरिबमा रूपान्तरित हुने सम्भावना ठूलो छ ।

माथि दिइएका कारणका अतिरिक्त तराईतिर र नयाँ स्थानमा भएका बसाइँका पछाडि सानै उमेरमा आफ्नो गाउँ-घर छाड्नु र अन्तर्जातीय विवाह पनि कारक देखिन्छन् । केही आफ्नो समुदायमा फर्कन हिच्किचाए किनभने उनीहरूले जेजस्तो परिवर्तन हुन्छ भनेर वाचा गरेका थिए, त्यसो हुन सकेन । केहीको सरोकार (डर) द्वन्द्व कालमा उनीहरूले गरेका कारवाहीको बदला लिइएला भन्ने पनि छ ।

लडाकुका नयाँ जीवनमा यथेष्ट चुनौती छन् । फौजी जीवनबाट नागरी जीवनमा फर्कंदाको अन्तर्वर्ती कालको कठिनाइ त छँदैछ, बृहत्तर समाजले उनीहरूलाई नकारात्मक तवरबाट हेर्छ र व्यवहार गर्छ भन्ने सोचाइ उनीहरूमा पाइन्छ । लडाकुको भनाईमा, उनीहरूलाई युद्ध पराजितको रूपमा, वाचा गरेर पूरा गर्न नसक्नेका रूपमा हेर्ने र व्यवहार पनि भिन्नै गरिन्छ ।

नयाँ ठाउँमा नयाँ नागरी (गैरफौजी) परिचयसाथ समुदायमा घुलमिल हुने लडाकुको प्रयत्नका बाबजुद उनीहरूलाई अद्यापि माओवादीको रूपमा, या जनसेनाको रूपमा हेर्ने र व्यवहार गरिन्छ । होटल सञ्चालन गरेर बसेको एक पूर्वलडाकुलाई प्रहरीले यो शहर हो "जङ्गल" होइन भनेर थर्काएको बताइयो । अर्का लडाकुले आफ्नो होटललाई माओवादी भन्ने ठप्पा नलागोस् भनेर गैरमाओवादी साझेदार राखेको बताए । अन्य केहीले कतिपय सामान्यजस्ता लाग्ने समुदाय तहका समस्या बताए : धारा, पँधेरामा छाडेका पकाउने भाँडामा मानिसहरूले फोहर हालिदिने, आदि । समग्रमा, अन्तर्वार्ता गरिएका लडाकुले आफूहरू बसेको समुदायबाट कमै सहयोग, स्वीकृती, र आदर-सम्मान पाएको बताए ।

यहाँनेर स्मरणीय के छ भने, माओवादीको जनयुद्धमा होमिएका धेरै समाज र आफूहरूलाई सीमान्तीकृत गर्ने र उत्पीडन गर्ने संरचनागत विषमतामा परिवर्तन ल्याउन लागिपरेका थिए । लडाइँ र शिविर त्यागेपछि लडाकुले के अनुभूत गरेका छन् भने आफूहरूको सङ्घर्ष र बलिदानका बाबजुद ती संरचना र व्यवहार दुवैतर्फ थोरै मात्र परिवर्तन भएको छ । आफ्नो अधिकार र मूल्यबारे सचेत र नयाँ मान्यता बनाएका लडाकुहरू त्यही समाजमा छन् जसले

---

[२३] पूर्वलडाकुहरूले जीआईजेडले सहयोग गरेको गाडी चालन र फर्निचरसम्बन्धी तालिमलाई अनुपयुक्त भनेका थिए किनकि यी तालिमको पूर्ण सदुपयोग गर्न आर्थिक स्रोत लगानी गर्नु पर्थ्यो । थप, यी तालिम छोटो समयावधिका र सानो स्तरका थिए ।

[२४] असार २०६९ मा वरिष्ठ उपाध्यक्ष र अन्य थुप्रै वरिष्ठ नेताहरू एनेकपा (माओवादी) बाट छुट्टिएर नेपाल कम्युनिष्ट पार्टी-माओवादी गठन गरे । क्रान्तिको उद्घोष गर्ने यो पार्टीले प्रचण्ड नेतृत्वको माओवादी पार्टीले गरेका दुई महत्त्वपूर्ण निर्णय–२०६२ मा लोकतान्त्रिक गणतन्त्रको लाइन स्वीकार्नु, जसले अन्ततः अन्य लोकतान्त्रिक दलहरूसँग सहकार्यको ढोका खोलेको थियो, र २०६३ मा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौता–लाई गल्तीको रूपमा व्याख्या गर्छ ।

[२५] निशस्त्र या विघटित गरिएका, आयस्रोत नभएका लडाकुहरू यदि रोजगारी नपाउने या कुनै सीप नभएको अवस्थामा अपराधकर्मतर्फ प्रवृत्त हुन्छन् भन्ने ठूलै साहित्य छ । उदाहरणका लागि हेर्नुहोस्, Collier, Paul. 1994. Demobilization and Insecurity: A Study in the Economics of the Transition from War to Peace. *Journal of International Development* 6(3): 343-351.

उनीहरूलाई अझै सीमान्तीकृत र हेलाँ गर्छ । एक पूर्वलडाकुको दुखेसो थियो, "हामी देश बदल्न, सुन्दर समाज निर्माण गर्न लागेकालाई सम्मान पो हुनु पर्ने त ।"

माथि भनिए झैं, सबै लडाकुलाई समाजमा पुनःसमायोजित हुन कठिनाई भए पनि "अयोग्य" भनिएकाका लागि यो थप चुनौतीपूर्ण र कठिन छ । कैलालीका एक पत्रकारका अनुसार, अयोग्यको बिल्लाले उनीहरूलाई समाजमा अप्ठेरो भएको छ, उनीहरू हेपिएको महशुश गर्छन् । समाज र परिवारबाट हेपिएको अनि राज्य र पार्टीबाट पक्षपात गरिएको ठान्ने–"पार्टीले हामीलाई प्रयोग गरेर फाल्यो"–र हाल बेरोजगार यो समूहलाई (जो सैन्य-ज्ञान र -सीपयुक्त पनि छ) मुख्य रूपमा हिंसातर्फ उन्मुख हुनसक्ने र अरूले उपयोग गर्न सक्ने समूह भनेर अन्य लडाकुले औंल्याए । एक पूर्वलडाकुको कथन थियो, "अयोग्य समूहलाई 'ह्याण्डलिङ' गर्ने शक्ति आएमा यो शक्ति उठ्छ ।"

एक पूर्वसांसदले पूर्वलडाकुबारे यसो भने, "समाजमा पुनःस्थापनको पाटोलाई ध्यान नदिई उनीहरूको हातमा केही रकम मात्र थमाइदिंदा त्यो दीर्घकालीन हुँदैन ।"

## राजनीतिक जोखिमको मूल्याङ्कन

एकजना पूर्वलडाकुले भनेः

> यदि अहिले बहिर्गमनमा परेका र स्वेच्छिक अवकाश रोजेका साथीहरूको राज्य, पार्टी र समाजले सही व्यवस्थापन गर्न सकेन भने अपराधमा लाग्न सक्ने प्रवल सम्भावना छ ।...अहिले हामीसँग पैसा छ । तर, जब पैसा सकिन्छ हामी अपराधमा संलग्न हुनसक्छौं । सबैलाई हतियारको ज्ञान छ । लडाइँको कला थाहा छ ।

पूर्वलडाकुबाट हुने राजनीतिक जोखिमको अनुमान गर्न कठिन छ ।[२६] आधारभूत तहको कुरा गर्ने हो भने, कति पूर्वलडाकु नेपालमा छन् भन्ने कुराकै पनि अनुमान गर्न गाह्रो छ किनकि धेरैजना कामको खोजीमा विदेशिएका छन् भनिन्छ । त्यसमाथि आर्थिक अवसरहरूको अभाव, दोषपूर्ण डीडीआर प्रकृया, हतियारको उपलब्धता र असुरक्षाका अनुभवहरू समग्रतामा कसरी सामूहिक हिंसामा रूपान्तरण हुन्छ भन्नेबारे यसै भन्न सकिन्न । तर पनि, लडाकुको विविधता (मिलिसिया देखि नयाँ भर्ती गरिएकासम्म) लाई केलाउनुका अतिरिक्त अन्य केही विषय छन् जसलाई ध्यान दिनु जरुरी छ ।

पहिलो, सैनिक तालिम पाई सिद्धहस्त भएका पूर्वलडाकुको एउटा ठूलो समूह मुलुकभर छरिएको छ । जनसेनाका वरिष्ठ र अनुभवी करिब ५,००० सदस्य लाई योङ कम्युनिष्ट लिग (वाईसीएल) बनाएर शिविर बाहिर राखिएको थियो भन्ने कुरामा धेरैले विश्वास गर्छन् । तर ध्यान दिनुपर्ने कुरा के हो भने, पछि भर्ना भएका र अन्यलाई शिविरमा रहँदा सैन्य र राजनीतिक तालिम दिइएको थियो । अन्तर्वार्ताहरूबाट के बुझियो भने नयाँ भनिएका यी व्यक्ति हतियार र सैन्य तालिमका लागि लक्षित गरिएका थिए । पछाडि भर्ना गरिएका लडाकुले अन्तर्वार्ता क्रममा स्वीकारेका थिए कि उनीहरूले बन्दुक चलाउने, बम बनाउने, आदि सीप शिविरमा छिरेपछि मात्र सिकेका थिए ।

दोस्रो, राजनीतिक सञ्जालको कुरालाई पनि ध्यान दिनु जरुरी छ । राजनीतिक नेतृत्वलाई गाली गरे पनि कतिपयले दाहालले नेतृत्व गरेको माओवादी दलमा केही आशा अझै रहेको बताए । र, यदि उनीहरूलाई सम्मानजनक रूपमा सम्बोधन गर्ने योजना र नीति बनेमा अझै उक्त दलको भारी बोक्न तयार देखिए । लडाइँमा जान नचाहने तर पार्टीमा काम गर्न चाहनेहरूको उपयोगिता अझै रहेको प्रस्टै छ । उदाहरणका लागि एक लडाकुले आफू वैद्य नेतृत्वको दलअन्तर्गत निश्चित निर्वाचन क्षेत्रमा कार्यरत रहेको बताए । यी पूर्वलडाकुलाई आउँदा निर्वाचनमा प्रयोग गरिने योजना देखिन्छ ।[२७] उनीहरूले कसरी 'क्याम्पेन' गर्छन् भन्ने कुरा कसैलाई थाहा छैन ।

यी राजनीतिक सञ्जाल किन पनि महत्त्वपूर्ण बन्छन् भने कतिपय पूर्वलडाकु समूहगत रूपमा बस्तीहरूमा बसिरहेका छन् । अन्तर्वार्ता गरिएका एक लडाकुले २१० लडाकु एउटा गाउँ विकास समिति (गाविस) मा बसेका र सबैजना बेरोजगार रहेको बताएका थिए । दोस्रा व्यक्तिले अर्को स्थानमा करिब ७०० पूर्वलडाकु समूहमा बसेको जानकारी दिएका थिए । शिविरको बसाइले जुन संस्थागत स्वरूप लिएको थियो त्यसकारण र एक्लाएक्लै रूपमा समाजमा प्रवेश गर्दाको भयका कारण समूहमा बस्ने प्रवृत्ति देखिएको छ । भौगोलिक स्वरूपका कारण यस्ता बस्तीहरू भर्तीका लागि सहज लक्ष बन्न सक्छन् । यस्तो कार्य शुरू भैसकेको बुझ्न सकिन्छ । वैद्य नेतृत्वको पार्टीसँग आबद्ध एक पूर्वलडाकुले आफूहरूले पूर्वलडाकुलाई भर्ती गर्न अधिकतम प्रयास गरिरहेको बताए ।

[२६] हेर्नुहोस्, Adhikari, Gyanu. 2013. The Desperation of Foot Soldiers. *The Kathmandu Post*, 3 August, p. 9.

[२७] सेजुवाल, कलेन्द्र । २०७० । चुनाव बिथोल्न पूर्वलडाकुको 'एक्सन ग्रुप' । *नागरिक*, ११ साउन, पृ. २ ।

अन्तमा, यी राजनीतिक सञ्जालहरू संस्थागत हिंसा शुरू गर्नमा महत्त्वपूर्ण बन्न सक्छन् । आर्थिक अवसरको अभाव, साना हतियारको उपलब्धता, र असुरक्षाका भावनाले मात्र हिंसातर्फ लाग्ने कुरालाई व्याख्या गर्न सक्दैन । पूर्वलडाकु जोखिमयुक्त देखिन्छन् । अन्तर्वार्ताहरूले लडाकुहरूको 'पर्ख र हेर' को रणनीति भएको देखाउँछ : व्यवसाय या लगानी तर्फ, राजनीतिक दलहरूले के 'अफर' गर्छन् त्यसतर्फ र आफ्ना सहकर्मी साथी लडाकुले के गर्छन् त्यतातर्फ । यद्यपि, हालैका अनुसन्धानले के तर्क गरेका छन् भने "हिंसाका व्यवसायी" (अर्थात् राजनीतिक र सैन्य सम्भ्रान्त) ले बिचौलियाको रूपमा मध्य-तहका कमाण्डरहरू प्रयोग गर्न सक्छन् । विभिन्न लाभ, लोभ देखाई सम्भ्रान्तहरूले ती मध्य-तहका कमाण्डरमार्फत असन्तुष्ट लडाकुलाई परिचालन गर्न सक्छन्, जो आफूस्वयं त्यस्तो काम गर्ने क्षमता राख्दैनन् ।[२८] ठूलो स्रोतमा पहुँच भएका राजनीतिक सम्भ्रान्तहरूको नेपालमा कमी छैन । त्यस्तै, मध्यतहका कमाण्डर र जनसेनाका सहकर्मीहरू पनि छन् जसको राजनीतिक अभिजातहरूसँग बसउठ र तल्लो तहका पूर्वलडाकुसँग हिमचिम पनि छ । सैन्य सामिप्य, रकम लगानीको सम्भाव्यता र सम्भावित 'हटस्पट' हरूको पहिचान गर्नका लागि थप अनुसन्धानको आवश्यकता छ ।

शान्ति प्रकृयामा भएका जति पनि प्रगति छन् त्यसका बाबजुद नेपाल निम्न कमजोरीले प्रताडित छ : कानुनी शासनको अभाव, कमजोर र घिस्रँदो अर्थव्यवस्था, कमजोर सुशासन । हजारौँ युवा लडाकु अराजकताको अवस्था र उनीहरूलाई समेट्न नसक्ने अर्थव्यवस्थाको सम्मिश्रणमा छाडिएका छन् । आधारभूत तहको कुरा गर्ने हो भने समाजमा पुनःसमायोजनको सफलता र असफलताबारे र कुनै निश्चित समुदायमा भएको 'एलिनिएसन' को तह, गरिबीको तहबारे एकदमै थोरै मात्र थाहा छ । तर के थाहा छ भने २० हजारभन्दा बढी युवाको जमात, जो सैन्य तालिम प्राप्त छन्, जो वर्षौंसम्म आफ्नो सामान्य वातावरणबाट बाहिर रहे, जसको सीप भनेको बन्दुक, बम र अन्य हिंसात्मक अस्त्र प्राप्त गर्ने, बनाउने, आदि कार्यमा छ, ती अहिले बृहत्तर समाजको अङ्ग बनेका छन् । यो जनसंख्यालाई बेवास्ता गर्नु भनेको यस्तो विलासिता हो जो नेपालको हितमा छैन ।

Δ

[२८] Themner, Anders. 2013. A Leap of Faith: When and How Ex-Combatants Resort to Violence. *Security Studies* 22(2): 295-329.

**बाट :** मार्टिन चौतारी
२७ जीतजङ्ग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
टेलिफोन : + ९७७-१-४१०२०२७/४२३८०५०
फ्याक्स : + ९७७-१-४२४००५९
इमेल : chautari@mos.com.np
वेब : www.martinchautari.org.np

**लाई :** ____________________

____________________

____________________

____________________

____________________